# रु रु जलविद्युत परियोजना लिमिटेड
# RU RU JALBIDHYUT PARIYOJANA LIMITED

च.नं:४१, २०८१/०८२

मिति : २०८१/०६/१२

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सि. डि. एस. एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौं ।
श्री एन आइ एम बि एस क्यापिटल लि., काठमाण्डौं ।

**विषय : कम्पनीको १९ औं (आ.व. २०८०/८१ अवधिको) वार्षिक साधारण सभा गर्ने लगायतका निर्णयहरु भएको जानकारी गराईएको सम्बन्धमा ।**

महोदय,

कम्पनीको मिति २०८१/०६/१२ गते शनिबारका दिन अपरान्ह ४:३० बजे कम्पनीको रजिष्टर्ड कार्यालयमा बसेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीको १९ औं (आ.व. २०८०/८१ अवधिको) वार्षिक साधारण सभा गर्ने, शेयरधनीहरु लाई बोनस शेयर जारी गर्ने, हकप्रद शेयरको सार्वजनिक निष्कासन सम्बन्धी प्रस्ताव गर्ने लगायतका निर्णयहरु भएको जानकारी गराउँदछु ।

**बैठकका निर्णयहरु :**

**निर्णय नं: १: साधारण सभामा प्रस्तुत हुने वार्षिक प्रतिवेदन, लेखा परीक्षण समितिको प्रतिवेदनका सम्बन्धमा ।**

कम्पनीको १९ औं वार्षिक साधारण सभामा संचालक समितिका तर्फ बाट अध्यक्ष ज्यूले पेश गर्ने प्रतिवेदन, लेखा परीक्षण समितिको प्रतिवेदन बैठकमा प्रस्तुत भयो । उक्त प्रतिवेदनहरु उपर छलफल गर्दा प्रतिवेदन लाई आगामी साधारणसभामा पेश गरि पारित गरिदिनका लागि सभा लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं: २: बोनश शेयर जारी गर्न प्रस्ताव गर्ने सम्बन्धमा ।**

कम्पनीको आगामी १९ औं (आ.व. २०८०/०८१) वार्षिक साधारण सभामा कम्पनीको साधारण सभा प्रयोजनका लागी शेयर दाखिल खारेज बन्द हुने मिति सम्म कायम रहने शेयरधनीहरु लाई आ.व. २०८०/०८१ अवधिको मुनाफा तथा संचित मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पुँजीको १५% (पन्ध्र प्रतिशत) बोनस शेयर जारी गर्नका लागि विशेष प्रस्ताव पेश गर्ने तथा सो प्रस्तावका सम्बन्धमा विद्युत नियमन आयोग बाट सहमति/पुर्व स्वीकृतिका लागी निवेदन दिने निर्णय गरियो ।

RU KN HYDROPOWER

**Head Office:**
Ka.Ma.Na.Pa.-1, Hattisar, Kathmandu
Tel.: +977- 01-4519393, 01-4519394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

**Project Site:**
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi

**निर्णय नं: ३: नगद लाभाशं (कर प्रयोजनका लागि) प्रस्ताव गर्ने प्रस्ताव गर्ने सम्बन्धमा ।**

कम्पनीको आगामी १९ औं (आ.व. २०८०/०८१) वार्षिक साधारण सभामा कम्पनीको साधारण सभा प्रयोजनका लागी शेयर दाखिल खारेज बन्द हुने मिति सम्म कायम रहने शेयरधनीहरु लाई आ.व. २०८०/०८१ अवधिको मुनाफा तथा संचित मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पुँजीको ०।७८९ % नगद लाभांश वितरण गर्ने प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं: ४: हकप्रद शेयरको सार्वजनीक निष्कासनका सम्बन्धमा ।**

कम्पनीको कम्तीमा ५१% शेयर (बहुमत शेयर) स्वामित्व कायम रहने गरी लगानी गरिएको सहायक कम्पनी सुम्निमा हाइड्रो पावर कम्पनी प्रा.लि. द्वारा प्रर्वद्धित भोजपुर जिल्लाका अपर पिखुवा खोला जलविद्युत आयोजना ४.९ मे.वा र पिखुवा पशुपति जलविद्युत आयोजना ४.१ मे.वा., को विकास तथा निर्माणका लागि आवश्यक पुँजीको व्यवस्थापन गर्न तथा कम्पनीको नाममा बैंक वित्तय संस्थाहरुमा चुक्ता गर्न बाँकी रहेको कर्जा सुविधाको भुक्तानी गर्ने उद्देश्यले निर्णय नं.३ को प्रस्तावित बोनस शेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीको १:०.८० (एक शेयर बराबर शुन्य दशमलव आठ शुन्य शेयर) को अनुपातमा हकप्रद शेयरको सार्वजनीक निष्कासन गर्नुपर्ने भएको हुँदा सोको स्वीकृतीका लागि आगामी साधारण सभामा विशेष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं: ५: कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।**

(क) कम्पनीको बोनस शेयर तथा जारी गर्ने तथा हकप्रद शेयरको सार्वजनिक निष्कासन प्रयोजनका लागि कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी लाई आवश्यकता अनुसार वृद्धि गर्नुपर्ने भएको हुँदा प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख) र (ग) देहाय बमोजिम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रको दफा ६ को (क) (ख) र (ग) मा देहाय बमोजिम संशोधन गर्ने ।**

६(क) कम्पनीको अधिकृत पूँजी रु. १,१०,००,००,०००/-(एक अर्व दश करोड) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु १००/- दरका १,१०,००,००० (एक करोड दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ख) कम्पनीको जारी पूँजि रु.१,०२,११,७९,९६६/-(एक अर्व दुई करोड एघार लाख उनान्असी हजार नौ सय छैसठ्ठि) हुनेछ । सो पूँजि लाई प्रति शेयर रु १००/- दरका १,०२,११,७९९।६६ (एक करोड दुई लाख एघार हजार सात सय उनान्सय दशमलव छैसठ्ठि) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ग) कम्पनीको चुक्ता पूँजि रु.१,०२,११,७९,९६६/-(एक अर्व दुई करोड एघार लाख उनान्असी हजार नौ सय छैसठ्ठि) हुनेछ ।

Head Office:
P.O. Box No. ........ Ka.Ma.Na.Pa.-1, Hattisar, Kathmandu
Tel.: +977-1-4419393, 4419394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

HYDROPOWER
Project Site:
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi

(ख) कम्पनीको प्रबन्धपत्र को दफा ४ को उपदफा १ मा (ख),(ग), र (घ) थप गरी देहाय बमोजिम संशोधन गर्न आवश्यक भएकोले संशोधन सम्बन्धी विशेष प्रस्ताव साधारण सभामा पेश गर्न निर्णय गरियो ।

(ख) विद्युतिय उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक सौर्य, वायु लगायत अन्य श्रोतहरुबाट पनि निजि क्षेत्रमा विद्युत उत्पादन गरी बिक्रि वितरण गर्ने ।

(ग) जलविद्युत कम्पनी, जलविद्युत लगानी कम्पनी तथा अन्य कम्पनीहरुमा लगानी गर्ने ।

(घ) समान उद्देश्य भएका कम्पनी/फर्म संग समन्वय गरी कार्य गर्ने गराउने ।

(ग) कम्पनीको प्रबन्धपत्रको दफा ८ मा उपदफा (ज) र नियमावलिको नियम १२ मा उपनियम (४) थप गरी देहाय बमोजिम संशोधन गर्न आवश्यक भएकोले संशोधन सम्बन्धी विशेष प्रस्ताव साधारण सभामा पेश गर्न निर्णय गरियो ।

**प्रबन्धपत्रको दफा ८ मा उपदफा (ज) थप गरी गरिएको संशोधन प्रस्ताव**

(ज) हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा धितोपत्र निष्कासन सम्बन्धी व्यवस्था तथा प्रचलित नियम कानुनहरुमा उल्लेख भए बमोजिम हक हस्तान्तरण गर्न सकिनेछ ।

**नियमावलिको नियम १२ मा उपनियम (४) थप गरी गरिएको संशोधन प्रस्ताव**

(४) हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा धितोपत्र निष्कासन सम्बन्धी व्यवस्था तथा प्रचलित नियम कानुनहरुमा उल्लेख भए बमोजिम हक हस्तान्तरण गर्न सकिनेछ ।

**निर्णय नं. ६ : कम्पनीको १९ औं (आ.व. २०८०/०८१) वार्षिक साधारण सभा गर्ने तथा साधारण सभामा छलफल हुने प्रस्तावहरु तय गर्ने सम्बन्धमा ।**

कम्पनीको १९ औं (आ.व. २०८०/०८१) वार्षिक साधारण सभा निम्न मिति, समय, र स्थानमा देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने निर्णय गरियो ।

वार्षिक साधारण सभा हुने मिति : २०८१/०७/११ गते आइतबार (तद्अनुसार अक्टोबर २७, २०२४)

समय : बिहान ११:०० बजे ।

स्थान : लिसारा ब्याङ्केट, नक्साल, काठमाण्डौं ।

**छलफलका प्रस्तावहरु :**

**क. साधारण प्रस्ताव :**

Head Office:
P.O. Box No. ........ Ka.Ma.Na.Pa.-1, Hattisar, Kathmandu
Tel.: +977-1-4419393, 4419394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

Project Site:
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण समितिका संयोजकज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ अवधिको वित्तिय विवरण उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. लेखा परीक्षण समितिको सिफारिस अनुसार आ.व.२०८०/०८१ को लागी लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८०/८१ अवधिको मुनाफा बाट चुक्ता पुँजीको ०।७८९% नगद लाभांश (बोनस शेयरको कर प्रयोजनका लागी) वितरण प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव :**

**१.(क)** कम्पनीको बोनस शेयर जारी गर्ने तथा हकप्रद शेयरको सार्वजनिक निष्कासन प्रयोजनका लागि कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी लाई आवश्यकता अनुसार वृद्धि गर्नुपर्ने भएको हुँदा प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख) र (ग) देहाय बमोजिम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रको दफा ६ को (क) (ख) र (ग) मा देहाय बमोजिम संशोधन गर्ने ।**

६(क) कम्पनीको अधिकृत पूँजी रु. १,१०,००,००,०००/-(एक अर्व दश करोड) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु १००/- दरका १,१०,००,००० (एक करोड दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ख) कम्पनीको जारी पूँजि रु.१,०२,११,७९,९६६/-(एक अर्व दुई करोड एघार लाख उनान्असी हजार नौ सय छैसट्ठि) हुनेछ । सो पूँजि लाई प्रति शेयर रु १००/- दरका १,०२,११,७९९.६६ (एक करोड दुई लाख एघार हजार सात सय उनान्सय दशमलव छैसट्ठि) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ग) कम्पनीको चुक्ता पूँजि रु.१,०२,११,७९,९६६/-(एक अर्व दुई करोड एघार लाख उनान्असी हजार नौ सय छैसट्ठि) हुनेछ ।

**१(ख)** कम्पनीको प्रबन्धपत्र को दफा ४ को उपदफा १ मा (ख),(ग), र (घ) थप गरी देहाय बमोजिम संशोधन गर्न आवश्यक भएकोले संशोधन सम्बन्धी विशेष प्रस्ताव साधारण सभामा पेश गर्न निर्णय गरियो ।

(ख) विद्युतिय उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक सौर्य, वायु लगायत अन्य श्रोतहरुबाट पनि निजि क्षेत्रमा विद्युत उत्पादन गरी विक्रि वितरण गर्ने ।

(ग) जलविद्युत कम्पनी, जलविद्युत लगानी कम्पनी तथा अन्य कम्पनीहरुमा लगानी गर्ने ।

(घ) समान उद्देश्य भएका कम्पनी/फर्म संग समन्वय गरी कार्य गर्ने गराउने ।

१(ग) कम्पनीको प्रबन्धपत्रको दफा ८ मा उपदफा (ज) र नियमावलिको नियम १२ मा उपनियम (४) थप गरी देहाय बमोजिम संशोधन गर्न आवश्यक भएकोले संशोधन सम्बन्धी विशेष प्रस्ताव साधारण सभामा पेश गर्न निर्णय गरियो ।

**प्रबन्धपत्रको दफा ८ मा उपदफा (ज) थप गरी गरिएको संशोधन प्रस्ताव**

(ज) हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिनें इच्छा नगरेमा धितोपत्र निष्कासन सम्बन्धी व्यवस्था तथा प्रचलित नियम कानुनहरुमा उल्लेख भए बमोजिम हक हस्तान्तरण गर्न सकिनेछ ।

**नियमावलिको नियम १२ मा उपनियम (४) थप गरी गरिएको संशोधन प्रस्ताव**

(४) हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा धितोपत्र निष्कासन सम्बन्धी व्यवस्था तथा प्रचलित नियम कानुनहरुमा उल्लेख भए बमोजिम हक हस्तान्तरण गर्न सकिनेछ ।

२. आ.व. २०८०/८१ अवधिको मुनाफा तथा संचित मुनाफा बाट १५% (पन्ध्र प्रतिशत) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे अनुसार प्रस्तावित बोनस शेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीको १:०.८० (एक शेयर बराबर शुन्य दशमलव आठ शुन्य शेयर) अनुपातमा हकप्रद शेयरको सार्वजनीक निष्कासन गर्ने सम्बन्धमा ।

४. नियमनकारी निकायहरुको निर्देशनमा प्रबन्धपत्र, नियमावलि लगायतका प्रस्तावित अन्य संशोधनहरुका सम्बन्धमा कुनै फेरबदल, सुझाव वा निर्देशन भएमा सोही अनुसार गर्न गराउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**Head Office:**
P.O. Box No. ........ Ka.Ma.Na.Pa.-1, Hattisar, Kathmandu
Tel.: +977-1-4419393, 4419394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

**Project Site:**
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi

ग. विविध ।

**निर्णय नं: ७: साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता किताब बन्द गर्ने सम्बन्धमा ।**

कम्पनीको १९ औं वार्षिक साधारण सभा प्रयोजनका लागी मिति २०८१/०६/३० गते बुधबारका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरियो साथै नेपाल स्टक एक्सचेन्च लि. लगायतका अन्य सम्बन्धीत निकायहरुलाई सोही अनुसारको व्यवस्था मिलाई दिन आवश्यक सहयोगका लागि अनुरोध गर्ने समेत निर्णय गरियो ।

...................

आशिष सुवेदी
अध्यक्ष

बोधार्थ :

१. स्टाण्डर्ड चार्टर्ड बैंक लिमिटेड, नयाँबानेश्वर ।

**Head Office:**
P.O. Box No. ........ Ka.Ma.Na.Pa.-1, Hattisar, Kathmandu
Tel.: +977-1-4419393, 4419394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

**Project Site:**
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi